# जुनीचाँदे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मजकोट जाजरकोट
## कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:०७६।०७७
च.नं:

मिति:२०७६।१०।१४

विषय :-बैंक खाता छोरीको सुरक्षा जीवन भरिको कार्यक्रम सम्बन्धी सूचना ।

कर्णाली प्रदेश सरकारले संवत् २०७६ श्रावण १ गते देखि जन्मिएका छोरीहरुको आर्थिक सामाजिक सुरक्षाको लागि प्रदेश भित्र बैंक खाता छोरीको सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को परिच्छेद २ दफा ३ को उप दफा १ अनुसुची १ दफा ३ को उपदफा १ संग सम्बन्धित आवद्वताको निवेदन बमोजिम देहायका कागजजात र प्रक्रिया पुर्‍याई बैंक खाता खोली सेवा प्राप्त गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरु**

१) छोरीको जन्मदर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
२ अभिभावक मध्ये एक वा दुवै जनाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
३ छोरीको पासपोर्ट साइजको फोटो थान - ६
४ अभिभावक वा संरक्षकको पासपोर्ट साइजको फोटो थान - ६
५ वैकल्पिक स्याहारमा रहेको छोरीहरुको हकमा संरक्षण गर्ने संस्थाले संरक्षकत्व ग्रहन गरेको अवस्थामा संरक्षकत्व गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
६ व्यक्ति संरक्षक भएको अवस्थामा व्यक्तिको नागरिता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकत्व ग्रहन गरेको प्रमाणपत्रको प्रतिलिपि ।
७ अस्पताल वा स्वास्थ्य केन्द्र वा तालिम प्राप्त सुँड्नीको सेवाबाट प्रसुती भएको भए संम्भव भएमा सेवाको प्रमाणपत्रको प्रतिलिपि ।

सर्वदल शाही
प्रमुख प्रशासकीय अधिकृत